# ‘रोजगारी र उद्यमशीलता प्रवर्धनलाई प्राथमिकता’

**अस्मिता पोखरेल**
*धादिङबेँसी, चैत २४ गते*

हाम्रा विधायक



**सङ्क्षिप्त चिनारी**
नाम : वसुमाया तामाङ
उमेर : ५४ वर्ष
जन्मस्थान : रुवीभ्याली गाउँपालिका-४, बोराङ
शिक्षा : प्रवीणता प्रमाणपत्र
पार्टी : राष्ट्रिय स्वतन्त्र पार्टी

सफल उद्यमीका रूपमा परिचित धादिङकी वसुमाया तामाङ राष्ट्रिय स्वतन्त्र पार्टीको समानुपातिकतर्फ प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीको सहकोषाध्यक्षसमेत रहनुभएकी तामाङले आगामी दिनमा महिला हकहित, सशक्तीकरण र उद्यमशीलता प्रवर्धनलाई आफ्नो मुख्य प्राथमिकतामा राखेर नीतिगत तहमा काम गर्ने बताउनुभएको छ।

२०२८ साल असार १५ गते रुबीभ्याली गाउँपालिका-४, बोराङमा जन्मनुभएकी तामाङ हाल तारकेश्वर नगरपालिका-९, मनमैजुमा बसोवास गर्दै आउनुभएको छ। प्रमाणपत्र तहसम्म अध्ययन गर्नुभएको उहाँ लामो समयदेखि सामाजिक, आर्थिक तथा उद्यमशील क्षेत्रमा सक्रिय काम गर्दै आउनुभएको छ।

तामाङले कृषि, पर्यटन, साना तथा घरेलु उद्योग प्रवर्धन, ‘एक वडा एक उद्योग’ अवधारणाको कार्यान्वयन तथा प्राकृतिक स्रोत विभेदविरुद्ध निरन्तर आवाज उठाउँदै उहाँले महिला सशक्तीकरण र उद्यमशीलता विकासमा महत्त्वपूर्ण पहल गर्नुभएको छ। प्रत्यक्ष रूपमा ७० भन्दा बढी महिलालाई रोजगारी प्रदान गर्नुका साथै अचार बनाउने तालिम सञ्चालन गरेर स्वरोजगारका अवसर सिर्जना गरेको उहाँ बताउनुहुन्छ।

त्यस्तै टिम्पुर खेतीमा किसानलाई उत्प्रेरित गर्दै उत्पादनको ब्रान्डिङमार्फत अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन उहाँले खेलेको भूमिका महत्त्वपूर्ण मानिन्छ। व्यावसायिक रूपमा ‘नेपाली मन उद्योग प्रा.लि.’ मार्फत विगत १७ वर्षदेखि अचार उत्पादन तथा बजारीकरणमा संलग्न रहनुभएकी तामाङका उत्पादन हाल विश्वका ५० भन्दा बढी देशमा निर्यात भइरहेका छन्। धर्म, संस्कृति संरक्षण तथा प्रवर्धनमा समेत सक्रिय तामाङले गुम्बा तथा स्तूप निर्माण, संरक्षण र प्रवर्धनमा योगदान दिँदै आउनुभएको छ। उहाँको बहुआयामिक अनुभव र सक्रियताले राष्ट्रिय राजनीतिमा थप ऊर्जा र नयाँ दृष्टिकोण ल्याएको छ।

# स्वास्थ्य क्षेत्रमा सहकार्य आवश्यक : मन्त्री मेहता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत २४ गते*

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहताले प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा पाउने अधिकार रहेको बताउनुभएको छ। उहाँले नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको भन्दै आधारभूत स्वास्थ्य सेवा पाउने अधिकार प्रदान गरेको बताउनुभयो। मङ्गलबार विश्व स्वास्थ्य दिवसका अवसरमा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले आयोजना गरेको कार्यक्रममा मन्त्री मेहताले स्वास्थ्य सेवासहित स्वच्छ वातावरण, खाद्य सुरक्षा र उपभोक्ता अधिकार जस्ता संवैधानिक हक पनि नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष रूपमा जोडिएको बताउनुभयो।

मन्त्री मेहताले स्वास्थ्यसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित स्वच्छ वातावरणको हक, खाद्य सुरक्षाको अधिकार र उपभोक्ताको हक पनि उत्तिकै महत्त्वपूर्ण रहेको जानकारी दिँदै यी मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले नयाँ स्वास्थ्य चुनौती समाधान गर्न सरकारी तथा सरोकारवाला निकायबिच समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभयो। मन्त्री मेहताले आगामी दिनमा नसर्ने रोगको नियन्त्रण र रोकथामका लागि समन्वय र सहकार्य अझ सुदृढ बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो। सञ्चार केन्द्रका निर्देशक डा. राधिका थपलियाले वायुप्रदूषण, अस्वस्थ जीवनशैली तथा चिकित्सकको सल्लाहबिना जथाभावी औषधीको प्रयोगका कारण जनस्वास्थ्यमा गम्भीर असर परेको बताउनुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कृषि, पशुपन्छी विकास मन्त्रालय तथा वन तथा वातावरण मन्त्रालयसँग सहकार्य गर्दै विभिन्न रणनीति तथा कार्ययोजना कार्यान्वयन गरिरहेको उहाँको भनाइ छ। यस वर्षको विश्व स्वास्थ्य दिवसको नारा ‘मानव, पशुपन्छी र वातावरणको हित : विज्ञान र एक स्वास्थ्य, हाम्रो जित’ रहेको छ।

# चौँरी महोत्सव हुँदै

**रसुवा समाचारदाता**
*रसुवा, चैत २४ गते*

ग्रामीण पर्यटन प्रवर्धन तथा परम्परागत पशुपालन संरक्षण गर्ने उद्देश्यले रसुवाको आमाछोदिङ्मो गाउँपालिकाले वैशाख १३ देखि १५ सम्म तीनदिने याक तथा चौँरी महोत्सव आयोजना गर्ने भएको छ। ‘हाम्रो सान, हाम्रो पहिचान : बुकीको कालो हिरा याक तथा चौँरी संरक्षण आमाछोदिङ्मोको अभियान’ भन्ने नाराका साथ पार्वती कुण्ड क्षेत्रमा महोत्सव आयोजना गर्न लागिएको महोत्सव आयोजक समितिका प्रचारप्रसार संयोजक फुर्पु सिङ्गिता तामाङले जानकारी दिनुभयो।

उहाँले महोत्सवमा याक तथा चौँरी, स्थानीय हस्तकला, खाद्य परिकार तथा कृषि उत्पादन प्रदर्शनी गरिने जानकारी दिनुभयो। महोत्सवमा पार्वती कुण्ड, याक चिज उत्पादन केन्द्र, प्राचीन गुम्बा अवलोकन, ज्यार्सा तेन्जोडाँडा हाइकिङ तथा रुबीभ्याली पदयात्रासमेत गर्न सकिने आयोजकले जनाएको छ।

# अवैध क्रसर बन्द गराउन ध्यानाकर्षण

**मकवानपुर समाचारदाता**
*मकवानपुर, चैत २४ गते*



मुख्यमन्त्रीमार्फत ध्यानाकर्षणपत्र बुझाइँदै ।

चुरे तथा वनजङ्गल क्षेत्रमा पछिल्लो समय बढ्दो अतिक्रमण हटाउन माग गरिएको छ।

चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालले चुरे वनजङ्गल क्षेत्रभित्र रहेका पुरानो र नयाँ अतिक्रमण हटाउनुपर्ने तथा अवैध क्रसर उद्योग बन्द गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको हो। अभियानले बागमती प्रदेशको मुख्यमन्त्रीको कार्यालयमार्फत पठाइएको ध्यानाकर्षणपत्रमा वन तथा वातावरण मन्त्रालयमातहत रहेका राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति र चुरे उत्थानशील आयोजनाले हालसम्म गरेका कार्यको छानबिन गर्नुपर्ने माग गरिएको छ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई बुझाइएको ध्यानाकर्षणपत्रमा वातावरणीय क्षतिपूर्ति असुलउपर गर्ने व्यवस्था र चुरेभावर क्षेत्रलाई संरक्षण क्षेत्रका रूपमा घोषणा गर्नुपर्ने माग गरिएको छ। अभियानका बागमती प्रदेश सहसंयोजक बुद्धिनाथ उप्रेतीले नयाँ राजनीतिक परिवेशसँगै जनतामा आशा जागेको भन्दै आफूहरूले उठाउँदै आएका माग तथा मुद्दामा नेपाल सरकारलाई कडा कदम चाल्न आग्रह गरिएको बताउनुभयो। ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डमा डिभिजन वन कार्यालय तथा मध्यवर्ती क्षेत्रका हकमा सम्बन्धित क्षेत्रबाट नियमानुसार सञ्चालन गर्नुपर्ने भन्ने प्रावधान थप गर्न ध्यानाकर्षणपत्रमार्फत सुझाइएको छ।

यस्तै देशका सम्पूर्ण नदीनालालाई प्रदूषण एवं अतिक्रमणमुक्त गरी प्रदूषण नियन्त्रण बोर्ड गठन गर्नुपर्ने माग गरिएको छ। तराई मधेशमा बर्सेनि हुने पानीको सङ्कटलाई दृष्टिगत गर्दै चुरे क्षेत्रबाट बग्ने नदीमा चेक ड्याम निर्माण र भित्री मधेशमा हरित कोरिडोर निर्माण गर्नुपर्ने पनि ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ।

## लेकवेशी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**कल्याण, सुर्खेत, कर्णाली, प्रदेश**

### नदिजन्य पदार्थ उत्खनन गरी बक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बढाबढ आव्हान सम्बन्धी सूचना

**(प्रकासित मितिः २०८२।१२।२५ गते)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि-२०७७, यस सम्बन्धि प्रचलित ऐन नियम र नगर सभाको निर्णय बमोजिम यस लेकवेशी नगरपालिकाले तोकिएको नदि र खोलाहरूको स्वीकृत स्थानहरूबाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ उत्खनन गरी लेकवेशी नगरपालिकाले तोकेको दरमा विक्री गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरू:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फाराम दस्तुर वापत Prime Commercial bank, लेकवेशी शाखा, सुर्खेतमा रहेको यस कार्यालयको आन्तरीक राजस्व खाता ०६१०१००००००४७४००१०६,खातावालाको GA.1.1 ANTRARIK RAJASWA A/C मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन र ठेक्का नं. NCB/MINES/LM/2082-083-01 को लागि २०८३।०१।०२ गते तल उल्लेखीत गते समय दिनको १२ बजे सम्म निवेदन दर्ता गर्न सकिनेछ।
२. रीतपूर्वक पर्न आएका निवेदन उपर बढाबढ कार्य २०८३।०१।०२ गते दिनको २:०० वजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा बढाबढ प्रकृया गरीनेछ। बढाबढ प्रकृयामा सवैभन्दा वढि कबोल गर्ने निर्माण व्यवसायी वा व्यक्तीले तत्कालै बैना स्वरुप आफुले कवोल गरेको रकमको ५ प्रतिशतले हुने रकम यस नगरपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ।
३. नदिजन्य पदार्थहरू घाटगद्दिको लागी स्थान निर्माण तथा व्यवस्थापन निर्माण व्यवसायीले नै गर्नुपर्ने छ। तोकिएको स्थानमा घाटगद्दि गरीएको नदिजन्य पदार्थको नापजाच सकिएपछि मात्र बिक्रि तथा निकाशि गर्नुपर्ने छ।
४. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका निवेदन स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन। वढावढ स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रक्रिया रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
५. यस नगरपालिकाका नदि तथा खोलाहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, यस सम्बन्धि प्रचलित ऐन नियम, नदिजन्य निर्माण सामाग्रीहरूको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरू, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन।
६. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्फौताको अभिन्न अंग रहनेछन्। (नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको www.lekbeshimun.gov.np मा समेत हेर्न सकिनेछ।)

| सि.नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् परिमाण (घ.मि.) | | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मू.अ.कर वाहेक) | धरौटी रकम | वोलपत्र दस्तर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | NCB/MINES/ LM/2082-083-01 | | चिङ्गागखोला | १८००० | ३१७७९०० | कवोल अङ्कको ५% | ३००० |

**प्रमुख प्रशासकीय अधिकृत**

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
**सानोठिमी, भक्तपुरको**

### शैक्षिक सत्र २०८३/०८४ को लागि कार्यक्रम नविकरण गर्ने बारेको जरुरी सूचना !

**प्रकाशित मितिः२०८२/१२/२५**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्रि-डिप्लोमा तथा प्रमाण-पत्र/डिप्लोमा तहका कार्यक्रमहरूको सम्बन्धन/स्वीकृती लिएका शिक्षण संस्थाहरूले सम्बन्धन/स्वीकृती पाएको मितिले दुई वर्षपछि प्रत्येक वर्ष स्वीकृत कार्यक्रमहरू नविकरण गर्नुपर्ने व्यवस्था भए अनुसार शैक्षिक सत्र २०८३/०८४ को लागि परिषद् प्रदेश कार्यालयहरूबाट गरिने नियमित अनुगमन र परिषद् प्राविधिक महाशाखाबाट प्राप्त हुने अनुगमन प्रतिवेदनमा स्वीकृत कार्यक्रम सञ्चालन निरन्तरता गर्न सिफारिश हुने शिक्षण संस्थाहरूले आगामी शैक्षिक सत्र २०८३/०८४ का लागि तपशिलमा उल्लेख भए बमोजिम तोकिएका नोटरी प्रमाणित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/१२/२५ देखि २०८३/०१/०९ गते सम्म) नियमित दस्तुरमा र थप ७ दिन (मिति २०८३/०१/१० देखि २०८३/०१/१६ गते सम्म) विलम्ब शुल्क (डवल दस्तुर) जम्मा गरी Online मार्फत नविकरण गर्नु गराउनु हुन सम्बन्धित सबै शिक्षण संस्थाहरूलाई परिषद् कार्यालयको मिति २०८२/१२/२४ गतेको निर्णयानुसार जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै नविकरण कार्ड भर्न आउँदा Online मार्फत पेश गरेका सम्पूर्ण सक्कल कागजातहरू अनिवार्य पेश गर्नुहुन समेत जानकारी गराइन्छ।

**नविकरण गर्दा नोटरी प्रमाणित गराई अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरू:-**

१ कम्पनी रजिष्ट्रार कार्यालय वा संस्था दर्ता भएको कार्यालयबाट आर्थिक वर्ष २०८१/०८२ को संस्था नविकरण/अद्यावधिक गरेको पत्र र संस्था दर्ता सम्बन्धी सम्पूर्ण कागजात पेश गर्नुपर्ने। (संस्थाको विधान/संस्था दर्ता प्रमाणपत्र, प्रवन्ध पत्र, नियमावली, PAN दर्ता आदि)
२) कम्तिमा आ.व. २०८१/०८२ सम्मको करचुक्ता गरेको प्रमाण वा कर दाखिलाको प्रमाण पेश गर्ने।
३) स्वास्थ्य सम्बन्धी कार्यक्रमहरूको लागि प्रयोगात्मक अभ्यासमा प्रयोग गरिने अस्पतालका सम्बन्धमा परिषद्को न्यूनतम पूर्वाधार निर्देशिका तथा अन्य मापदण्डहरू, सम्बन्धित व्यवसायी परिषद् र राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को प्रावधान बमोजिम प्रयोग गरिएका अस्पतालको शैया खुलेको आधिकारिक निकायको स्वीकृतिपत्र र अस्पतालको नविकरण पत्र वा नविकरण प्रकृयामा रहेको सम्बन्धित निकायको हालको पत्र (सरकारी बाहेक), अस्पतालले प्रयोगात्मक अभ्यासका लागि सहमति दिइएको संस्थाहरूका कार्यक्रमहरूको प्राथमिकता खुल्ने पत्र, सहमति/सम्फौता पत्र, अस्पतालबाट संस्थासम्मको दुरी प्रमाणित कागजात र उक्त अस्पतालमा स्वास्थ्य सम्बन्धी स्नातक वा स्नातकोत्तर तहका कार्यक्रमका लागि प्रयोग गरिएको वा नगरिएको प्रष्ट खुल्ने गरी अस्पतालको स्वघोषणा पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
४) चालु शैक्षिक सत्रमा संस्था सञ्चालन गर्दा प्रशिक्षण शुल्क बापत लिइँदै आएको शुल्कको सम्बन्धमा परिषदबाट तोकिएको शुल्क मात्र लिएको स्वघोषणा पत्र र गत शैक्षिक सत्र २०८२/०८३ मा कार्यक्रम नविकरण गरेको कार्डको प्रतिलिपि पेश गर्नुपर्नेछ।
५) प्रमाण-पत्र तह नर्सिङ र आफ्नै १०० शैयाको अस्पताल भई स्वास्थ्य सम्बन्धी ३ वर्ष प्रमाण-पत्र/डिप्लोमा तहका कार्यक्रमहरूको सम्बन्धन/स्वीकृती पाई कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाहरूले आधिकारिक रुपमा आफ्नै १०० शैयाको अस्पताल खुल्ने नोटरी प्रमाणित कागजातहरू पेश गर्नुपर्ने छ।
६) परिषद्बाट सम्बन्धन प्राप्त गर्दाको सम्बन्धन स्वीकृती पत्र, नामसारी, ठाउँसारी, नाम परिवर्तन, संस्था मर्जिङ र स्वामित्व हस्तान्तरण आदि भएमा सो समेतको पत्रको प्रतिलिपि समावेश गर्नुपर्नेछ।
७) माथि उल्लेखित प्रमाण, कागजातहरू पेश गरेका र प्राविधिक महाशाखाको अनुगमन तथा मूल्याङ्कनबाट योग्य भएका शिक्षण संस्थाहरूले मात्र देहायको रकम परिषद् कार्यालयले तोकेको राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी, भक्तपुरको खाता नं. १७३०१००००००९००६ मा जम्मा गर्नुपर्नेछ। उक्त रकम जम्मा गर्दा बैंक भौचरमा संस्थाको नाम र ठेगाना अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।
८) उपरोक्त अनुसारको कागजात CTEVT को Website: www.ctevt.org.np मा राखिएको विवरण सहितको फारम अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ। साथै विद्युतीय माध्यम (ONLINE) बाट आवेदन पेश गर्दा संस्थाको लेटर प्याडमा अनुरोध पत्र सहित परिषद्को Website को Quick Link वा https://tinyurl.com/ctevt8384 मा मात्र पठाउनुपर्नेछ। अन्यथा नविकरणका लागि योग्य मानिने छैन।
९) गत शैक्षिक सत्र ०७९/०८०, ०८०/०८१ र ०८१/०८२ मा स्वास्थ्य सम्बन्धी प्रमाण-पत्र/डिप्लोमा तहका कार्यक्रममा स्तरोन्नती भएका तथा समान तहका कार्यक्रम सञ्चालन गर्न सम्बन्धन/स्वीकृती पाएका शिक्षण संस्थाहरूले कार्यक्रम समेत उल्लेख भए अनुसारका कागजात र शुल्कहरू जम्मा गरी नविकरण गर्नुपर्नेछ।
१०) संस्था/अस्पतालका सञ्चालकहरू वा शेयरधनी सदस्यहरूको हालको शेयर लगत विवरण स्पष्ट खुल्ने गरी संस्था दर्ता भएको सम्बन्धित निकायको पत्र, संस्था सञ्चालक समितिका सदस्यहरूको विवरण र नागरिकता प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

**तपशिलः-**

| क्र.सं. | विवरण | शुल्क |
|---|---|---|
| १. | TMIS शुल्क | रु. २,०००/- प्रति संस्था |
| २. | प्रमाण-पत्र /डिप्लोमा तह | रु. ३०,०००/- र प्रति थप कार्यक्रम रु. १०,०००/- |
| ३. | प्रि-डिप्लोमा | रु. १०,०००/- र प्रति थप कार्यक्रम रु. ५,०००/- |

पुनश्चः छोटो अवधिको तालिम सम्बन्धन/स्वीकृति लिएका संस्थाहरूले सम्बन्धन/स्वीकृति पत्रमा उल्लेख भए अनुसारको मितिलाई गणना गरी सोही अनुसारको समय सीमाभित्र तोकिएको नियमित शुल्कमा र सो समय पश्चात् नियमानुसार विलम्ब शुल्क (डबल दस्तुर) तिरी कार्यक्रम नविकरण गर्न सकिने छ। Link: www.tinyurl.com/short8384

**सम्पर्कका लागि**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**फोन नं. ०१-६६३०४०८**
इमेलः ctevtaccreditation061@gmail.com

## राष्ट्रिय वाणिज्य बैंक लि.
**शाखा कार्यालय बानेश्वर (१४२)**

### निक्षप उपर हकदावी सम्बन्धि ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।१२।२५**

ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं ३ बस्ने २८ वर्षको सचिन घिमिरे (ना.प्र नं. २८-०१-०७०-०५२२८) को मिति २०८२।१२।०३ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालको बुवा नातापर्ने ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं ३ बस्ने सुरेश घिमिरेले (ना.प्र.नं ४६९२५) यस बैंकमा मिति २०८२-१२-२३ मा निवेदन दिएको हुँदा निज खातावालको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदावी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन,२०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिन भित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय बानेश्वर मा हकदावी गर्न आउनु होला। सो म्याद भित्र हकदावी गर्न नआएकोमा पछि कुनै उजुर नलाग्ने हुँदा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भै जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

## हरिपुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**हरिपुर, सर्लाही, मधेश प्रदेश, नेपाल**

### ठेक्का किन नतोड्नेसम्बन्धी १५ दिने सूचना

**(प्रकाशित मिति : २०८२/१२/२५)**

यस कार्यालय अन्तर्गत तपशिलमा उल्लेखित निर्माण व्यवसायीले उल्लेखित निर्माण कार्य सम्पन्न गर्नका लागि यस कार्यालयबाट पटक-पटक मौखिक तथा लिखित पत्राचार गराउँदा समेत कार्यालयमा आवस्यक कागजात पेश नगरेको तथा खरिद सम्फौताको Scope बमोजिमको कार्य नगरेकोले Contract Agreement को GCC अन्तर्गतको Termination of Contract, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ को उपनियम (२) को खण्ड (घ) आकर्षित हुने देखिएकोले ठेक्का सम्फौताका शर्त बमोजिम ठेक्का सम्फौता अन्त्य किन नगर्ने ? ठेक्का सम्फौता अन्त्य गर्न नपर्ने मनासिव कारण भएमा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र विश्वसनीय कार्यतालिका र जवाफदेहीपूर्ण स्पष्टीकरण सहित निर्माण व्यवसायी स्वयं यस कार्यालयमा उपस्थित भई स्पष्टीकरण पेश नगरेमा वा प्राप्त स्पष्टीकरण चित्त बुझ्दो नभएको खण्डमा यस सूचनालाई अन्तिम ताकेता मानी ठेक्का सम्फौताका शर्त तथा प्रचलित ऐन नियम बमोजिम ठेक्का सम्फौता अन्त्य गरी कालो सूचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत, अग्रिम भुक्तानी जमानत तथा धरौटी बापतको रकम जफत गर्नुका साथै बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी सरह मानी असुल उपर गर्ने तर्फ कानूनी कारवाही अगाडी बढाइने जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १ | NCB /02/2078/079 | १५ शैया आधारभूत अस्पताल निर्माण | शर्मा- धुलिखेल जेभी |

**प्रमुख प्रशासकीय अधिकृत**

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
**(नेपाल टेलिकम)**
**केन्द्रीय कार्यालय**
**सूचना नं. २९।०८२-८३**

### कार्यक्षमता मूल्याङ्कन बढुवा सिफारिस

**सूचना प्रकाशित मिति २०८२।१२।२५**

यस पदपूर्ति समितिको सूचना नं. १९/०८२-८३ अनुसार देहायका विज्ञापन बमोजिमका पदमा कार्यक्षमता मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्न नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ (संशोधन सहित) को विनियम ३५ को उपविनियम (२) बमोजिम आवश्यक सेवा अवधि एवं न्यूनतम शैक्षिक योग्यता हासिल गरेका रीतपूर्वक बढुवा दरखास्त फाराम दर्ता गर्ने संभाव्य उम्मेदवारहरू मध्ये सोही विनियमको उपविनियम (१) बमोजिम उच्चतम अङ्क प्राप्त गर्ने देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारहरूलाई विनियम ४२ बमोजिम बढुवाको लागि सिफारिस गर्ने पदपूर्ति समितिको निर्णय अनुसार विनियम ४३ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. विज्ञापन नं. : १८/२०८२-८३ पदः वरिष्ठ लेखा अधिकृत, तह -८, सेवा/समूहः प्रशासन/लेखा पद संख्या : ५

| यो.क्र.सं. | क.द.नं. | उम्मेदवारको नाम, थर | हालको पद | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | ३५६० | दुर्गा डंगोल | लेखा अधिकृत | |
| २ | ४५१२ | रोशन खड्का | "" "" | |
| ३ | ३६२७ | उत्तमलाल मल्ल | "" "" | |
| ४ | ७१७५ | खुबिराम सेढाईं | "" "" | |
| ५ | ३४९६ | समिर कुमार पौडेल | "" "" | ९७.०८३ |

**सदस्य सचिव, पदपूर्ति समिति**

## नेपाल सरकार
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
**विराटनगर, मोरङ**
**प्रकाशित मितिः २०८२/१२/२५**

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

यस अस्पतालको ठेक्का नं. KH/NCB/M-7/2082/83 (Supply and Delivery of Pathology Lab, Kit, Chemicals and Reagent Goods) बाट www.bolpatra.gov.np/egp मा सूचना प्रकाशन गरी विद्युतिय बोलपत्र आह्वान गरिएकोमा निर्धारित समयवधी भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपशिल अनुसारका बोलपत्रदाताहरू न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई छनौट भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि ७ दिने सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| सि.नं. | प्याकेजको नाम | कबोल अंक रु. (मु. अ. कर सहित) | बोलपत्र दाताको नाम |
|---|---|---|---|
| १ | Package Lab -1 | 1424398.90 | श्री द मेडिकल सोलुसन प्रा. लि. काठमाण्डौ |
| २ | Package Lab -2 | 2057730.00 | श्री बायोटेक सपोर्ट प्रा.लि., काठमाण्डौ। |
| ३ | Package Lab -3 | 3265745.20 | श्री बायोटेक सपोर्ट प्रा.लि., काठमाण्डौ। |
| ४ | Package Lab -4 | 564898.30 | श्री बायोटेक सपोर्ट प्रा.लि., काठमाण्डौ। |
| ५ | Package Lab -5 | 1393708.10 | श्री बायोटेक सपोर्ट प्रा.लि., काठमाण्डौ। |
| ६ | Package Lab -6 | 1015590.89 | श्री बायोटेक सपोर्ट प्रा.लि., काठमाण्डौ। |
| ७ | Package Lab -7 | 264872.00 | श्री बायोटेक सपोर्ट प्रा.लि., काठमाण्डौ। |
| | जम्मा | 9986943.39 | |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेट**